# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


Ref.

## सूचना ।

**१.राहदानी बुझ्न आउने :** यस राजदूतावासबाट राहदानी नवीकरणका लागि आवेदन गर्नु भएका यू.ए.ई. मा रहेका नेपाली नागरिकहरुको राहदानी बनेर आइसकेको सूचना यस राजदूतावासले विभिन्न मितिहरुमा राजदूतावासको आधिकारिक website र फेसबुकमार्फत (https://www.facebook.com/EmbassyofNepalUAE)जानकारी गराइसकेको छ।

विगत लामो समयदेखि कतिपय राहदानी वाहकहरुले आफ्नो राहदानी बुझ्न हालसम्म पनि दूतावासमा नआएको हुँदा आफ्नो राहदानी बुझ्न नआउनु भएका व्यक्तिहरुले यथाशीघ्र राजदूतावासमा आएर राहदानी संकलन गर्नुहुन जानकारी गराइन्छ। समयमै राहदानी बुझ्न नआएमा उक्त राहदानीहरु लामो समयसम्म राजदूतावासमा राख्न नमिल्ने भएकोले पुनः नेपाल फिर्ता पठाइने व्यहोरा समेत जानकारी गराईन्छ।

राहदानी संकलन गर्न आफू स्वयं उपस्थित हुनुपर्नेछ। यदि जटिल परिस्थितिवस आउन नभ्याउने भएमा कारण खुलाई आफ्नो साथीभाइ वा कम्पनीको कर्मचारी वा आफ्नो विश्वासिलो व्यक्तिलाई लिखित मन्जुरीनामा दिई सक्कल पुरानो राहदानी र राजश्व तिरेको रसिद समेत साथमा राखी पठाउन सकिनेछ। लिखित मन्जुरीनामाको हस्ताक्षर र राहदानीमा गरेको हस्ताक्षर भिडाई हस्ताक्षर मिलेमा मात्र राहदानी अन्य व्यक्तिको हस्ते दिइनेछ।

**२.ट्राभल डकुमेन्ट तथा प्रमाणिकरण सम्बन्धमा :**

क. राहदानी हराई नेपाल फर्कनुपर्ने व्यक्तिहरुले ट्राभल डकुमेन्ट बनाउनु पर्ने भएमा राहदानी हराएको प्रहरी रिपोर्ट, राहदानीको फोटोकपी, आफ्नो हस्ताक्षर सहितको निवेदन र दुईप्रति फोटो सहित स्वयं उपस्थित हुनुपर्नेछ।

ख. नवाजात शिशु वा नावालकको राहदानी वा ट्राभल डकुमेन्ट बनाउनु परेमा बाबु वा आमामध्ये एक जना आफ्नो छोरा वा छोरी लिई अनिवार्य रुपमा स्वयं उपस्थित हुनुपर्नेछ।

ग. विवाह दर्ता, जन्म दर्ता, शैक्षिक योग्यता प्रमाणिकरण तथा अन्य कागजातहरु प्रमाणिकरण सम्बन्धी जुनसुकै कार्यहरु गर्नु परेमा सम्बन्धित व्यक्ति र नावालक भएमा निजको वावु वा आमामध्ये एकजना अनिवार्यरुपमा स्वयं उपस्थित हुनुपर्नेछ।

घ. बैंक ग्यारेन्टी प्रमाणित गर्नु परेमा बैंक ग्यारेन्टी दिने र ऋण लिने दुवैको नागरिकताको फोटोकपि, दिनेको राहदानी र Emirates ID को फोटोकपि, UAE मा काम गरेको कम्पनीको Salary Statement (कम्पनीको आधिकारिक व्यक्तिले हस्ताक्षर गरेको र उसको नाम, फोन नम्वर र इमेल ठेगाना भएको हुनुपर्ने) धितो राखेको सम्पत्तिको कागजात (घर जग्गा भए लालपूर्जाको फोटोकपि र अन्य संघसंस्था भए कम्पनी दर्ता भएको र कर तिरेको आधिकारिक कागजात) संलग्न गर्नुपर्नेछ।

नेपाली राजदूतावास, अबुधाबी ।
०२ नोभेम्बर २०२३